## बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७१

बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस आदेशको नाम "बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ को दफा २ मा संशोधन</u> : बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको दफा (ख१) थपिएको छ :-



खण्ड ६४) संख्या २९ नेपाल राजपत्र भाग ३ मिति २०७१।८।२९

"(ख१) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ।"

(२) खण्ड (च) मा "र सदस्य-सचिव" भन्ने शब्दहरु थपिएका छन् ।

३. <u>मूल आदेशको दफा ३ मा संशोधन</u> : मूल आदेशको दफा ३ को उपदफा (२), (३), (४), (५), (६) र (७) को सट्टा देहायका उपदफा (२), (३), (४), (५), (६) र (७) राखिएका छन् :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) नेपाल सरकारले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयको सहसचिव - सदस्य

(ग) अर्थ मन्त्रालयको सहसचिव - सदस्य

(घ) विद्युत विकास विभागका महानिर्देशक - सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण - सदस्य

(च) नेपाल सरकारले मनोनीत गरेको जलविद्युत क्षेत्रसँग सम्बन्धित विज्ञ तीन जना - सदस्य

(छ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष र उपदफा (२) को खण्ड (च) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः अर्को एक पटकका लागि मनोनयन हुन सक्नेछन्।

(४) इञ्जिनियरिङ्ग (इलेक्ट्रीकल, हाइड्रोपावर, सिभिल, मेकानिकल, जियोलोजी, हाइड्रोलोजी), व्यवस्थापन, वातावरण वा कानूनमा कम्तीमा स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव प्राप्त व्यक्ति अध्यक्ष पदमा मनोनयनका लागि योग्य हुनेछ।

(५) इञ्जिनियरिङ्ग (इलेक्ट्रीकल, हाइड्रोपावर, सिभिल, मेकानिकल जियोलोजी, हाइड्रोलोजी) व्यवस्थापन, वातावरण वा कानूनमा कम्तीमा स्नातक शैक्षिक योग्यता हासिल गरी जलविद्युत क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव प्राप्त व्यक्ति उपदफा (२) को खण्ड (च) बमोजिम नियुक्त हुने सदस्यको पदमा मनोनयनका लागि योग्य हुनेछ ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा उपदफा (२) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजको पदावधि समाप्त हुनु अगावै त्यस्तो पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।





(७) कुनै कारणवश अध्यक्षको पद रिक्त भएमा वा निलम्बनमा परेमा अर्को व्यवस्था नभएसम्मको लागि मन्त्रालयको सचिवले अध्यक्ष भई काम गर्नेछ ।"

४. <u>मूल आदेशको दफा ५ मा संशोधन</u> : मूल आदेशको दफा ५ को ठाउँ ठाउँमा रहेका "सचिव" भन्ने शब्दको सट्टा "सदस्य सचिव" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल आदेशको दफा ६ मा संशोधनः</u> मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> : (१) अध्यक्ष समितिमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको काम कारबाही समन्वयात्मक ढंगले सञ्चालन गर्ने,

(ख) अध्यक्षको हैसियतले समितिसँग सम्बन्धित अन्य काम गर्ने,

(ग) समितिले तोकेको अन्य काम गर्ने ।"

६. <u>मूल आदेशको दफा ७ मा संशोधन</u> : मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. <u>कार्यकारी निर्देशक सम्वन्धी व्यवस्थाः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) समितिको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिको दैनिक आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन, रेखदेख, सुपरिवेक्षण तथा निरीक्षण गर्ने,

(घ) आयोजनाको कार्यान्वयन तथा संचालनसंग सम्बद्ध कार्यको निरीक्षण, अनुगमन गर्ने र त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(ङ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(च) समितिको तर्फबाट आयोजना कार्यान्वयनका लागि नियुक्त ठेकेदार, परामर्शदाता तथा आयोजनासँग सम्बद्ध सरोकारवाला बीच समन्वय गर्ने,





(छ) समितिले तोके बमोजिमका कार्यहरु गर्ने वा गराउने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इञ्जिनियरिङ्ग वा व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी न्यूनतम सात वर्षको कार्य अनुभव भएको व्यक्तिलाई समितिको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको योग्यता हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकको पदका लागि योग्य हुनेछ ।

(५) उपदफा (४) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्म वा कुनै कारणवश कार्यकारी निर्देशकको पद रिक्त भएमा वा निलम्बनमा परेमा मन्त्रालयले निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा नेपाल विद्युत प्राधिकरणको कम्तीमा एघारौं तहको कुनै अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ ।

(६) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजलाई पुनः एक अवधिका लागि नियुक्त गर्न सकिनेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको कार्य सन्तोषजनक नभएमा

समितिको सिफारिसमा नेपाल सरकारले निजको पदावधि समाप्त हुनु अगावै निजलाई पदबाट हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(८) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।"

७. मूल आदेशको दफा ९ मा संशोधन : मूल आदेशको दफा ९ को उपदफा (६) मा रहेका "अध्यक्ष" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल आदेशको दफा १४ मा संशोधन : मूल आदेशको दफा १४ को ठाउँ ठाउँमा रहेका "अध्यक्ष" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरु राखिएका छन् ।